# "३९० घण्टे तालिम पुरा गरेकालाई पूर्ण रोजगार कार्यक्रम" कार्यान्वयन कार्यविधि, २०७९

स्वीकृत मिति २०७९।०६।०६

<u>प्रस्तावनाः</u> यस प्रदेश भित्र बसोवास गरेका, कुनै सीपको अभावमा कार्य गरी आम्दानीको वातावरण वनाउन नसकेका र सीपको आवश्यकता महशुस गरेका तर अवसर प्राप्त गर्न नसकेका विशेष आवस्यकता भएका महिला,अपाङ्ग तथा विदेशवाट फर्केका तथा वेरोजगार युवाहरु, शहीद तथा द्वन्दपिडित युवाहरुको लागि यस प्रकारको ३९० घण्टे तालिम प्रदान गरी सीप सहितको रोजगारमा प्रवेश गराउने र पूर्ण रोजगार दिने उद्धेश्यले प्रदेश युवा परिषद्को कार्यालयको आ.ब. २०७९।०८० को स्वीकृत वार्षिक बजेट अनुसार यो कार्यक्रमलाई पारदर्शी, व्यवस्थित, नतिजामुलक बनाउने र प्रभावकारी रुपमा संचालन गर्नको लागि युवा तथा खेलकुद मन्त्रालयले यो कार्यविधि स्वीकृत गरेकोछ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम "३९० घण्टे तालिम पुरा गरेकालाई पूर्ण रोजगार कार्यक्रम" कार्यान्वयन कार्यविधि, २०७९ रहेको छ ।

२) यो कार्यविधि युवा तथा खेलकुद मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) " ३९० घण्टे तालिम पुरा गरेकालाई पूर्ण रोजगार कार्यक्रम" भन्नाले प्रदेश युवा परिषद् ले विशेष आवश्यकता भएका युवाहरुलाई लेभल १ को सीप सिकाई युवाहरुको उद्धमशिलतामा टेवा पुर्याउने र स्वरोजगार बनाउने उद्देश्यले राखिएको कार्यक्रम सम्झनु पर्दछ ।

ख) "परिषद्" भन्नाले प्रदेश युवा परिषद् सम्झनु पर्दछ ।

ग) " छनौट समिति" भन्नाले प्रदेश युवा परिषद्को कार्यकारी उपाध्यक्ष संयोजक रहेको ६ सदस्यीय समिति सम्झनु पर्दछ ।

घ) “मन्त्रालय” भन्नाले बागमती प्रदेशको युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्दछ ।

ङ) "कार्यालय" भन्नाले प्रदेश युवा परिषद्को कार्यालय, हेटौडा, मकवानपुर सम्झनु पर्दछ ।

च) "युवा" भन्नाले १६–४० उमेर समुह जनाउनेछ ।

छ)"विशेष आवश्यकता भएका युवाहरु" भन्नाले जनजाती, दलित, सिमान्तकृत, अति सिमान्तकृत, पिछडिएका, महिला, गरिब, शारिरिक रुपमा कमजोर, विदेशवाट फर्किएका युवा, तथा शहीद र द्वन्द पिडित परिवारका युवाहरलाई बुझाउनेछ ।

ज) "रोजगारयुक्त व्यक्ति" भन्नाले कुनै कलकारखाना वा उद्योग, व्यवसायमा वा ब्यक्तिकोमा काम गरी तलब भत्ता खाने वा आफ्नै सीप युक्त पेशा व्यवसाय गरी नेपाल सरकारले तोकेको न्युनतम

ज्याला कमाउन सक्ने व्यक्ति सम्झिनु पर्दछ । वा विदेशमा गै कम्तीमा पनि मासिक २००००|०० कमाउन सक्ने व्यक्तिलाई सम्झनुपर्दछ ।

३. उद्देश्यः–

क) सीपमूलक तालिमका अवसरहरु विस्तार र तालिम कार्यक्रममा समावेशी एवं समतामुलक पहुँचको सुनिश्चितता गर्ने ।

ख) विशेष आवश्यकता भएका युवाहरुलाई सीपसिकाइ उद्धमशिलतामा तथा रोजगारयुक्त बनाउने ।

ग) युवाहरु स्ववलम्बी भै स्वदेशी उत्पादन र श्रममा जोडिनुका साथ विदेश पलायन हुनवाट रोकिने ।

घ) सीपको अभावमा सस्तो ज्यालामा कार्य गर्नु नपर्ने । र आम्दानी स्रोत वढने ।

ङ) व्यवसायमा आधुनिकिकरण हुने ।

च) रोजगारीको सतप्रतिशत अवसर प्राप्त हुने ।

४. लक्षित वर्गः

(१) यस बागमती प्रदेश भित्रका तालिम आवश्यक भएका जिल्लाहरुका २५० जना युवाहरुलाई तालिम संचालन गरिने ।

२) प्राप्त भए सम्म महिला, शारीरिक क्षमता कमजोर भएका, विदेशवाट फर्केका, विशेष क्षेत्रवाट आउने , जनजातीका महिला पुरुष, उपेक्षित अपहेलित उत्पिडित दलित जनजातिका महिला पुरुष तथा शहीद तथा द्वन्द पिडित परिवारका महिला र पुरुष युवाहरुलाई यो तालिमको लक्षित वर्ग मानिएको छ । माथि उल्लेखित परिवारका युवाहरु सहभागी नभएमा अन्य युवाहरुलाई प्राथमिकतामा राखी यो तालिम दिइनेछ ।

३) तालिम लिन इच्छुक व्यक्तिले तालिममा सहभागी भैसके पश्चात विशेष कारण विना विचैमा तालिम छोड्न पाउने छैन । ।

५ . प्रस्ताव पेश गर्ने तालिम प्रदायक संस्थाको तथा अन्य सर्तहरुः

क) यस कार्यालयले तालिम प्रदायक संस्था छनौटका लागि १५ दिने सूचना प्रकाशन गर्नेछ।

ख) तालिम प्रदायक संस्थाले २० देखि बढीमा २५ जनाको समुहलाई ३९० घण्टे तालिम (पूर्णरोजगार सहित) बागमती प्रदेशको तोकिएको जिल्लाहरु संचालन गर्नुपर्नेछ ।

ग) पुर्णरोजगारको तालिम प्रतिव्यक्ति कति रुपैयामा दिलाउन सक्ने हो प्रस्तावमा खुलाई यस परिषद् मा सूचनाको समायावधिमा पेश गर्नुपर्नेछ ।

घ) तालिम प्रदायक संस्थाले अलग/अलग विषयको लागि अलग/अलग दर राखी प्रस्ताव पेश गर्नुपर्नेछ । र यस परिषद्ले सूचना प्रकाशित गर्दा पनि अलग/अलग विषयको लागि अलग/अलग प्रस्ताव माग गर्नुपर्नेछ ।

ङ ) एकै तालिम प्रदायक संस्थाले धैरै विषयको तालिम संचालन गर्न चाहेमा अलग /अलग विषयको लागि अलग / अलग प्रस्ताव पेश गर्न पाउनेछ ।

च ) तालिम पश्चात सहभागीहरु रोजगार हुनु पर्नेछ । सहभागी रोजगार नभएमा तालिम प्रदायक संस्थाले सम्झौताको रकम पाउनेछैन । यो कार्यक्रम Result by Payment मा आधारित हुनेछ ।

छ) सहभागीहरुले रोजगार प्राप्त गरेको अनुसुची ३ अनुसारको यस कार्यालयले अनुगमन गरेर फारम प्राप्त भए पश्चात मात्र तालिम प्रदायक संस्थाले भुक्तानी प्राप्त गर्नेछ । रोजगारको अनुगमन कार्यालयले तोकेको व्यक्तिवाट हुनेछ । अनुगमनमा संस्थाको तर्फवाट प्रतिनिधि सँगै रहेको हुनेछ ।

ज) तालिम प्रदायक संस्थाले २०८०। असारको २० गते सम्म आफ्नो सम्झौता अनुसारको रकम दावी गरिसक्नु पर्नेछ । अन्यथा यस कार्यालय सम्झौता अनुसारको रकम दिन बाध्य हुनेछैन ।

झ) तालिम प्रदायक संस्थाले नेपाल सरकार तथा प्रदेश सरकारको ऐन नियमको परिधि भित्र रही आर्थिक कारोवार गर्नुपर्नेछ ।

ञ) तालिम प्रदायक संस्थाले हालको मिति सम्म कम्तीमा ७०० जनाको लागि यस्तो किसिमको तालिम संचालन गरी सिप परिक्षण उत्तिर्ण गराइ सकेको हुनुपर्नेछ । यस्तो तालिम प्रदायक संस्थाले मात्रै यस कार्यक्रम प्राप्त गर्नको लागि प्रस्ताव पेश गर्न सक्नेछन् । र संस्था दर्ता भै सञ्चालन भएको कम्तीमा ५ वर्ष हुनुपर्नेछ ।

ट ) सहभागीको रोजगारको अनुगमन अनुसुची ३ फारम अनुसार हुनेछ । जसमा ७५% प्राप्ताङ्क प्राप्त गरिसकेपछि मात्र सहभागी उत्तिर्ण भएको मानिनेछ । र जति सहभागी उत्तिर्ण हुनेछन् तालिम प्रदायक संस्थालाई यसै आधारमा रकम भुक्तानि दिइनेछ । सीप परिक्षणको लागि छुट्याइएको रकम सीप परिक्षणको प्रमाणपत्र पेश गरे पश्चात मात्रै तालिम प्रदायक संस्थालाई भुक्तानि दिइनेछ । सीप परिक्षणको प्रमाणपत्र समय मै प्राप्त हुन नसकेपनि सहभागीहरु तालिम समाप्त गरी रोजगार भएमा अन्य सम्झौता अनुसारको रकम भुक्तानी दिइनेछ ।

ड) जती सहभागी रोजगार हुनेछन् त्यति नै मात्रको प्रतिव्यक्ति बढीमा ३९२३९।२५ (रु उनन्चालिस हजार दुइसय उन्नचालिस रुपैयाँ) का दरले वा सम्झौता अनुसार भुक्तानी हुनेछ ।

ढ) तालिम प्रदायक संस्थाले सहभागीहरुलाई दैनिक कम्तिमा रु ५०।०० को खाजा खुवाउनु पर्नेछ तथा स्टेशनरी र तालिम सामग्रीको व्यवस्थापन गर्नु पर्नेछ । सहभागीहरुवाट कुनै पनि तालिमका लागि स्रोत जुटाउन पाइने छैन ।

ण) तालिमका सहभागीहरुले विहान बेलुकाको खाने र बस्ने प्रवन्ध आफै मिलाउनु पर्नेछ ।

त) तालिममा सहभागी युवाहरु छनौटको जिम्मेवारी जिल्ला युवा समितिको समन्वयमा तालिम प्रदायक संस्थाले लिनु पर्नेछ र सकेसम्म भौगोलिक विकटता हेरी घरवाट आउन जान सक्ने गापा तथा नपाका सहभागीहरुको सहभागिताका लागि तालिम प्रदायक संस्थाले सूचित गर्नुपर्नेछ ।

थ ) माथि उल्लेखित सर्तहरु पालना गर्नसक्ने तालिम प्रदायक संस्थाको प्रस्ताव मात्र स्वीकार्य हुनेछ ।

द) एक भन्दा बढी तालिम प्रदायक संस्थाको प्रस्ताव पेश हुन आएमा निम्न आधारहरुमा संस्थाको मुल्यांकन र छनौट गरिनेछ ।

क) तालिम प्रदायक संस्था छनौट मूल्यांकनका आधारहरुः

| सि.नं. | विवरण | कूल पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | हालसम्म ७०० जनालाई पूर्णरोजगारको तालिम दिइ सकेको भए ५ अंक र १००० बढीलाई तालिम दिएको भए १० अंक | १० | | |
| २ | बागमती प्रदेश भित्र आफ्नो केन्द्रीय कार्यालय र तालिम हल भएको संस्था भए ५ अंक | १० | | |
| ३ | संस्था दर्ता भएको ५ देखि १० वर्ष सम्म भए ५ अंक र १० वर्ष भन्दा बढी भएको भए १० अंक | १० | | |
| ४ | CTEVT वाट कुनै पनि विषयमा T.s.l.c. कार्यक्रम संचालन गरेको तालिम प्रदायक संस्था भए १० अंक | १० | | |
| ५ | क) पेश गरेको कार्ययोजना (अनुसुचि १)कोः ३ अंक<br>ख) तालिम प्रदायक संस्थमा भएका तालिम विज्ञहरुको पेश गरेको विवरणः ४ अंक<br>ग) प्रस्तावको तयारी, पूर्णताको आधारमा छनौट समितिले दिने ३ अंक | १० | | |

जम्माः ५० अंक ।

६. <u>सहभागी छनौटका आधारहरुः</u>

(१) यस प्रदेशमा वसोवास गरेको युवा हुनु पर्नेछ ।

२) १६-४० उमेर समूहको युवालाई सहभागी गराउनु पर्नेछ ।

३) माथि उल्लेखित लक्षितवर्ग उपलब्ध भएसम्म अन्य युवाहरुले प्राथमिकता पाउने छैनन् । र लक्षित युवाहरुको संख्या उपलब्ध नभएमा अन्य युवाहरु तालिममा सहभागी हुनेछन् ।

३) तालिम प्रदायक संस्थाले आफ्नो खर्चमा बढी युवाहरुलाई तालिम दिलाउन सक्नेछ । तर यस कार्यालयले सम्झौतामा उल्लेख भएको संख्या २० वा २५ जना भन्दा बढी युवाको तालिम खर्च भन्दा बढी भुक्तानी गर्नेछैन ।

७. ३९० घण्टे तालिम पुरा गरेकालाई पूर्ण रोजगार कार्यक्रमका विषयहरुः

(१) जिल्लाको आवश्यकता र जिल्ला युवा समितिका अध्यक्षसँगको समन्वयमा तालिमको विषयहरु निम्नानुसार कायम गरिएकोछ । निम्न जिल्लामा निम्नानुसारको तालिम संचालन हुनेछन् ।

| सि.नं. | विषयहरु | संचालन हुने जिल्ला | संख्या | संचालन हुने जिल्ला | संख्या | जम्मा संख्या |
|---|---|---|---|---|---|---|
| १ | होमस्टे तालिम | दोलखा | २० जना | काभ्रेपलाञ्चोक | २० जना | ४० जना |
| २ | मन्टेश्वरी तालिम | नुवाकोट | २० जना | मकवानपुर | २० जना | ४० जना |
| ३ | इन्डस्ट्रियल इलेक्ट्रिसियन | चितवन | २० जना | मकवानपुर | २५ जना | ४५ जना |
| ४ | मोवाइल मर्मत | धादिङ | २० जना | रसुवा | २० जना | ४० जना |
| ५ | कम्प्युटर हार्डवेयर टेक्निसियन | सिन्धुली | २० जना | काभ्रेपलाञ्चोक | २५ जना | ४५ जना |
| ६ | वारिष्टा(कफी मेकिङ) | सिन्धुपाल्चोक | २० जना | रामेछाप | २० जना | ४० जना |
| | | | | | जम्माः | २५० जना |

८. <u>७. तालिम सञ्चालन लागतः</u>

तालिम अवधि ३९० घण्टा (६५ कार्यदिन) पुरा गरेकालाई पूर्ण रोजगार दिन संचालन गरिने तालिमका लागि लाग्ने अनुमानित लागत स्वीकृत बजेटको परिधि भित्र रही निम्नानुसार स्वीकृत गरिएकोछ ।

तालिममा सहभागी हुने २० जना सहभागीका लागिः

| क्र.स. | खर्च शीर्षक | विवरण | २० जनाको लागि कूल |
|---|---|---|---|
| १ | प्रशिक्षक पारिश्रमिक (२जना | १२३५००।०० | १२३५००।०० |

| | | | |
|---|---|---|---|
| | प्रशिक्षक) | | |
| २ | तालिम व्यवस्थापन | स्टेशनरी,सूचना तथा व्यानर उद्घाटन र समापन सुरक्षा औजार तथा अन्य खर्च | ४००००।०० |
| ३ | सामग्री तथा उपकरण | प्रशिक्षण तथा प्रयोगात्मक अभ्याससँग प्रत्यक्ष सम्बन्धित (सीप परिक्षण समाग्री समेत) | १०००००।०० |
| ४ | सीप परीक्षण | सीप परीक्षण शुल्क | ३००००।०० |
| ५ | अनुगमन तथा मूल्याकन र रोजगार सहजिकरण | अनुगमन | ५००००।०० |
| ६ | चिया खाजा खर्च | प्रशिक्षार्थी खाजा खर्च प्रति दिन ५० का दरले | ६५०००।०० |
| ७ | रोजगारदातासँग समन्वय र सहभागीहरुलाई स्वरोजगारमा सामग्री वितरण | तालिम पश्चात रोजगारका लागि पूर्वाधार तयारी सामग्री | २५००००।०० |
| ८ | घर भाडा ३ महिनाको ६०००।०० को दरले २ कोठा | | ३६०००।०० |
| | | कुल जम्मा | ६९४५००।०० |
| | | १३% भ्याट कर | ९०२८५।०० |

| | | | |
|---|---|---|---|
| | जम्माः | | ७८४७८५।०० |
| प्रतिव्यक्ति लागत जम्मा रु ३९२३९।२५ (अक्षेरुपी रु उनन्चालिस हजार दुइसय उनन्चालिस रुपैया पच्चिस पैसा मात्र) | | | |

(स्रोत र अनुमानित लागतको सहयोग आधार मानिएको ) छोटो अवधिको सीपमूलक तालिम संचालन कार्यवधि २०७७( दोस्रो संसोधन २०७८।०८।१४ सहित) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, सानोठिमी, भक्तपुर । )

नोटः

१. कूल रकम रु ६९४५००।०० (कर बाहेक) भएकोले तालिम प्रदायक संस्थाले तिर्नुपर्ने १३% भ्याट रकम ९०२८५।०० सहित हुन आउने कूल रकम रु ७८४७८५।०० अनुमानित लागत कायम गरी स्वीकृत गरिएकोछ । जुन लागत प्रतिव्यक्ति रु ३९२३९।२५ पर्न आउने भएकोले यसै बजेटको परिधि भित्र रही तालिम प्रदायक संस्थाले प्रस्ताव पेश गर्नुपर्नेछ । प्रस्ताव पेश गर्दा प्रतिव्यक्ति लागत उल्लेख गर्नु पर्नेछ । अन्यथा कूल रकमलाई २० जना सहभागीले भाग गरी प्रतिव्यक्ति लागत निकालीनेछ । वा जिल्लागत तोकिएको कोटा संख्याको आधारमा प्रतिव्यक्ति लागत निकालिनेछ वा कुल रकम कायम गरिनेछ ।

<u>९. सूचना प्रकाशनः</u> (१) यस तालिम कार्यक्रम संचालन गर्नको लागि प्रदेश युवा परिषद् ले तालिम प्रदायक संस्थाहरुसँग प्रस्ताव माग गर्न राष्टिय दैनिक पत्रिकामा बढीमा १५ दिनको म्याद राखी सूचना प्रकाशन गर्नेछ ।

२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि तालिम प्रदान गर्ने सक्षम तालिम प्रदायक संस्थाहरुले तालिम सफलता पुर्वक सम्पन्न गर्न सक्ने प्रतिवध्धता सहितको अनुसूची २ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

३ ) संस्था छनौट र यस कार्यालयसँग सम्झौता पश्चात सहभागी छनौटका लागि तालिम प्रदायक संस्था आफैले कम्तीमा ७ दिने सूचना प्रकाशन गरी गर्नुपर्नेछ । तथा जिल्ला युवा समितिका अध्यक्षहरुसँग समन्वय गरी सहभागी छनौट गर्नुपर्नेछ ।

<u>४) प्रस्ताव छनौट समितिः</u> तोकिएको मिति भित्र कार्यालयमा प्राप्त भएका प्रस्ताव मूल्याङ्कन गरी छनोट गर्न निम्नानुसारको प्रस्ताव मुल्याङ्कन छनौट समिति हुनेछ ।

क) संयोजक- कार्यकारी उपाध्यक्ष, प्रदेश युवा परिषद् बागमती प्रदेश ।

ख) सदस्य – अधिकृत प्रतिनिधि, युवा तथा खेलकुद मन्त्रालय, बागमती प्रदेश ।

ग) सदस्य- प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय ।

ग) सदस्य - प्रशासन फाँट प्रमुख, प्रदेश युवा परिषद् ।

घ) सदस्य- प्रतिनिधि, सिटिइभिटी, बागमती प्रदेश ।

ङ) सदस्य - लेखा प्रमुख, आर्थिक प्रशासन फाँट, प्रदेश युवा परिषद्, बागमती प्रदेश

च) सदस्य-सचिव कार्यालय प्रमुख, प्रदेश युवा परिषद् बागमती प्रदेश ।

५) छनौट समितिले बढीमा ३ जनालाई प्रस्ताव मूल्यांकन गर्न आमन्त्रण गर्न सक्नेछ ।

६) प्रस्ताव छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७) प्रस्ताव छनौट समितिले प्राप्त प्रस्ताव उपर आवश्यक छानविन गरी तालिम प्रदायक संस्था छनौट गर्नेछ । तालिम प्रदायक संस्था छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समितिसँग निहित रहेकोछ ।

<u>१०. सम्झौताः</u> (१) प्रस्ताव छनौट समितिबाट छनौट भएका तालिम प्रदायक संस्था संग कार्यालय र संस्था बीच द्विपक्षीय सम्झौता गरिने छ ।

(२) तालिमको सहभागी छनौट भै तालिम संचालनको १५ दिन पश्चात तालिम प्रदायक संस्थाले सहभागीको विवरण र हाँजिरी सहित तालिम सुरुवाती रकम माग गरेमा सम्झौता रकमको ३० प्रतिशत रकम तालिम प्रदायक संस्थाको खातामा निकासा दिइनेछ। यदि पुर्णरोजगार भएको संख्याले तालिम प्रदायक संस्थाले प्राप्त गर्ने सम्झौता अनुसारको रकम भन्दा यो रकम बढी भएमा तालिम प्रदायक संस्थासँग सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

३) यदि तालिम प्रदायक संस्थाले सुरुवाती रकम नलिएको अवस्थामा ३९० घण्टा तालिम प्रदान गरी सके पश्चात पुर्ण रोजगार भएका सहभागी संख्याको आधारमा भुक्तानि हुनुपर्ने रकम एकै पटक अन्तिम भुक्तानि लिन सक्नेछ ।

४) सम्झौता २ प्रति हुनेछ । एक प्रति सम्बन्धित तालिम प्रदायक संस्थालाई, र एक प्रति कार्यालयमा राख्नुपर्नेछ । सम्झौता कार्यालयको तर्फवाट कार्यकारी उपाध्यक्ष र कार्यालय प्रमुख तथा तालिम प्रदायक संस्थावाट प्रोपाइटर वा म्यानेजर वा संस्थाले तोकि पठाएको कर्मचारीले गर्नेछ ।

११. <u>प्रतिवेदनः</u> (१) तालिम प्रदायक संस्थाले कार्यक्रमको सुरुवात हुँदाको वखत सहभागी हुनेहरुको नामावली सहितको प्रतिवेदन र सम्पन्न पश्चात सहभागी व्यक्तिहरुले प्राप्त गरेको सर्टिफिकेटको प्रतिलिपि तथा तालिम समयका समय/समयका फोटोहरु तथा प्रतिवेदन पेश गर्नुपर्नेछ । साथै रोजगार अनुगमन कर्ताले यस कार्यालयले निर्माण गरेको अनुगमन फारम भरेको १ प्रति यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

१२. <u>लेखा परीक्षणः</u> (१) ३९० घण्टे तालिम पुरा गरेकालाई पूर्ण रोजगार कार्यक्रम संचालनको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ ।

१३. <u>अनुगमन तथा मूल्याङ्कनः</u> (१) स्थानीय तहमा सम्बन्धित अभिभावकहरु, सम्बन्धित स्थानीय तह तथा सम्बन्धित वडा स्तरवाट समेत अनुगमन गर्न सक्ने भएकोले यसको सम्पूर्ण अभिलेख तालिम प्रदायक संस्थाले राख्नुपर्नेछ र सरोकारवालाहरुले खोजेको वखत देखाउन सक्नुपर्नेछ । परिषद् वाट आवश्कता हेरी अनुगमन हुन सक्नेछ । साथै स्थानिय तहसँग पटक पटक समन्वयको जिम्मा तालिम प्रदायक संस्थाको हुनेछ ।

२) प्रदेश स्तरबाट प्रदेश सरकार, युवा तथा खेलकुद मन्त्रालय तथा यस परिषद्को सरोकारवाला मन्त्रालयबाट अनुगमन, निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ । साथै यस परिषद्ले पनि समय समयमा अनुगमन गरी सुझाव दिन सक्नेछ ।

१४. दण्ड सजायः (१) छनौट भएका तालिम प्रदायक संस्थाले प्रस्ताव गरिए वमोजिमको सम्झौता अनुसार कार्य नगरेमा त्यस्तो तालिम प्रदायक संस्थासँग आगामि दिनमा अन्य कार्यक्रमहरुमा सहभागि भै सहकार्य गरिने गराईने छैन ।

२) तालिम प्रदायक संस्थासँग सम्झौता भईसकेपछि सम्झौता अनुसार तोकिएको कार्य सम्पन्न नगरेमा तथा परिषद् वाट दिइएको वजेट प्रचलित आर्थिक ऐन नियम अनुसार खर्च नगरी हिनामिना गरेमा उक्त तालिम प्रदायक संस्थासँग जुनसुकै वखत सम्झौता रद्ध गरी क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ ।

१५. विविधः यस कार्यविधि बमोजिम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ । र कार्यविधिमा नसमेटिएका कुराहरु आपसी समझदारीमा समाधान गरिनेछ र सम्झौतामा उल्लेख गरिनेछ ।

१६. निर्देशनको पालनाः संघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

१७. कार्यविधि संसोधन गर्न सक्नेः आवश्यकता अनुसार मन्त्रालयले कार्यवधि संसोधन गर्न सक्नेछ

१८. वाधा अड्काउ फुकाउने : यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा मन्त्रालयले वाधा अड्काउ फुकाउन सक्नेछ ।

# अनुसुचि १

## तालिम प्रदायक संस्थाको कार्ययोजना

तालिम प्रदायक संस्थको नाम र ठेगानाः

| क्र.स. | गतिविध तथा क्रियाकलापहरु | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फागुन | चैत्र | बैशाख | जेष्ठ | असार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | तालिमको आवश्यकता पहिचान र स्थानिय तहसङ्गको समन्वय | | | | | | | | | | | |
| २ | तालिम प्रस्तावना पेश | | | | | | | | | | | |
| ३ | तालिम सम्झौता अवधि | | | | | | | | | | | |
| ४ | तालिमको प्रचार प्रसार तथा सूचना प्रवाह र सरोकारवालासँग समन्वय | | | | | | | | | | | |
| ५ | प्रशिक्षार्थी छनौट तथा अन्तर्वार्ता र भर्ना | | | | | | | | | | | |
| ६ | तालिम अभपमुखीकरण तथा संचालन | | | | | | | | | | | |
| ७ | प्रारम्भिक प्रतिवेदन र २०% भुक्तानी माग | | | | | | | | | | | |
| ८ | सीप परिक्षण आवेदन फारम दर्ता | | | | | | | | | | | |
| ९ | तालिम अनुगमन | | | | | | | | | | | |
| १० | तालिम समापन | | | | | | | | | | | |
| ११ | तालिम समाप्ति पश्चात तालिम प्रदायक संस्थावाट प्रमाणपत्र वितरण | | | | | | | | | | | |
| १२ | रोजगार अनुगमन | | | | | | | | | | | |
| १३ | भुक्तानी माग | | | | | | | | | | | |
| १४ | सिप परिक्षणको प्रमाणपत्र परिषद् मा पेश | | | | | | | | | | | |
| १५ | अन्तिम भुक्तानी माग | | | | | | | | | | | |
| १६ | अन्य केही भए.... | | | | | | | | | | | |

यो कार्ययोजना अक्षरसः पालना गर्नु तालिम प्रदायक संस्थाको अनिवार्य दायित्व र  कर्तव्य हुनेछ ।

# अनुसूची २

## सीप मुलक तालिम (३९० घण्टा )को तालिम संचालन गर्न चाहने तालिम प्रदायक संस्थाले पेश गर्नुपर्ने प्रस्तावको नमूना ढाँचा

श्रीमान् कार्यकारी उपाध्यक्षज्यू

प्रदेश युवा परिषद्को कार्यालय , हेटौडा, मकवानपुर ।

महोदय

त्यस कार्यालयबाट मिति .................... मा .................. दैनिकमा प्रकाशित सूचना अनुसार म हामी वा हाम्रो तालिम प्रदायक संस्थाले निम्न........................... जिल्लामा निम्न विषय.............को सीप मुलक तालिम ३९० घण्टा (पूर्ण रोजगार) कार्यक्रम संचालन गर्ने ईच्छा भएकोले निम्न विवरण सहित देहायका कागजातहरु संलग्न गरी यो प्रस्ताव पेश गरिएको छ ।

१. तालिम प्रदायक संस्थाको नाम र ठेगानाः फोन नं. सहित

२.प्रोपाइटर वा मुख्य व्यक्तिको नाम र सम्पर्क नंः इमेलः

३.तालिम प्रदायक संस्थाको सम्पूर्ण वस्तुस्थीति झल्कने परिचयः तथा कार्यविधि अनुसारको सपोर्टीङ डकुमेन्ट सहित

४.अन्य विवरण:

५.मानवीय स्रोत सम्बन्धी विवरणः

कर्मचारी विवरणः

क. भौतिक पूर्वाधार सम्बन्धी विवरणः

क. कोठा संख्याः

ख. भाडामा भए भाडा सम्झौता तथा आफ्नै जग्गमा भए लालपूर्जको फोटोकपीअवस्थाः

नागरिकताको प्रतिलिपिः

प्यान नं.

१ व्यक्ति वा व्यवसायको खाता रहेको बैंकको नामः २. खाता नं:

(प्रष्ठ खाता नं. देखिने चेकको प्रतिलिपी उपलब्ध गराउनुपर्ने)

६.आर्थिक प्रस्तावः २० जनाको समुहका लागि रु ७८४७८५।०० (कर सहित) र प्रतिव्यक्ति रु ३९२३९।२५ (कर सहित) मा नबढाई घटिघटाउमा तालिम संचालन गर्ने गरी छुट्टै पेश गर्नु पर्नेछ ।

७. यस परिषद्ले आफ्नो वेवसाइटमा राखेको कार्यविधि राम्रोसँग अध्ययन गरी सोही कार्यविधि अनुसार कार्य सम्पन्न गर्न प्रतिवद्धता । वेवसाइटः pyc.bagamati.gov.np ।

हस्ताक्षर

प्रोपाइटरको नामः

मितिः

अनुसूची ३

सीप मुलक तालिम (३९० घण्टा ) को अनुगमन फारमः

सहभागीको नाम थरः

ठेगानाः स्थायी अस्थायी

मोवाइल नं.:

इमेल ठेगानाः

शिक्षाः

| सि.नं. | प्रश्नहरु | पुर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | सिकेको तालिमको नामः | ५ | |
| २ | तालिम प्रदायक संस्थाको नामः | ५ | |
| ३ | तालिमको प्रभावकारीता कस्तो लाग्यो ? | ५ | |
| ४ | तालिमवाट के के कुरा सिक्नु भयो ? | १० | |
| ५ | कति महिना, कति घण्टा सिक्नु भयो? | १० | |
| ६ | प्रशिक्षकको प्रशिक्षण कस्तो थियो ? | ५ | |
| ७ | प्रशिक्षकको व्यवहार कस्तो थियो ? | ५ | |
| ८ | पर्याप्त सामाग्री प्राप्त गर्नु भयो वा भएन ? | १० | |
| ९ | थप सामग्री तालिम पश्चात पाउनु भयो कि भएन ? | २० | |
| १० | पाएको भए अनुमानित कती रुपैया सम्मको पाउनु भयो ? | १० | |
| ११ | सीप परिक्षणको परिक्षा दिनु भयो भएन ? | ५ | |
| १२ | सीप परिक्षणको परिक्षा दिएको भए पास हुनु भयो कि भएन ? पास भैसकेको भए | १० | |
| १३ | अहिले के काम गर्दै हुनुहुन्छ ? | ५ | |
| १४ | कहाँ काम गर्नुहुन्छ ? | ५ | |
| १५ | काम गरेको भए तलब बुझेको भरपाई देखाउन सक्नु हुन्छ ? देखाउन सकेमा | १० | |
| १६ | काम गर्ने साहु सँग भेटाउन सक्नु हुन्छ ? | ५ | |
| १७ | कि आफ्नै व्यवसाय छ ? | ५ | |
| १८ | छ भने कती लगानी गर्नु भयो ? | ५ | |

| | | | |
|---|---|---|---|
| १९ | दैनिक कति आमदानी हुन्छ ? | १० | |
| २० | मासिक व्यवसायको  खर्च कटाएर कती बचत हुन्छ ? | १० | |
| २१ | कुन कुन कुरामा आम्दनी कसरी गर्नुहुन्छ ? | ५ | |
| २२ | तपाई झुट बोलीरहनु भएको त छैन ? | ५ | |
| २३ | कमाइको हिसाब  राख्नु भएको छ ? | ५ | |
| २४ | घरको सासु ससुरासँग वा श्रीमान् श्रीमतीसँग सोधने अनुमती पाउन सक्छु ? | ५ | |
| २५ | नातेदार तथा छिमेकिसँग रोजगारको विषयमा सोधिएको जवाफवाट प्राप्त जवाफः | ५ | |
| २६ | अनुगमन कर्ताले यति प्रश्न सोद्धा लागेको आफ्नो विचारः | १० | |
| २७ | तालिम प्रदायक संस्थाको प्रतिनिधिको विचारः | १० | |
| | जम्मा पूर्णाङ्कः | २०० | |

यदि ७५ प्रतिसत भन्दा माथि प्राप्ताङ्क प्राप्त गरेमा सहभागी पास भएको मानिनेछ । अन्यथा सहभागी रोजगार भएको मानिने छैन ।

तालिममा सहभागीको दस्तखतः

सहभागीले प्राप्त गरेको कूल प्राप्ताङ्कः

उत्तिर्ण /अनुत्तिर्णः.............

दस्तखतः ...............
अनुगमनकर्ताको नाम थरः

पदः

मितिः

दस्तखतः.............
संस्थाको प्रतिनिधिको नाम थर

पदः

मितिः